# संघीय संसद
# प्रतिनिधि सभा
चौथो अधिवेशन
## बैठक संख्या - ३५

## सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

**२०७६ साल असार १३ गते शुक्रबार**

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री कृष्ण बहादुर महराको अध्यक्षतामा दिनको ४:०५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठकको प्रारम्भमै प्रमुख प्रतिपक्षी दल नेपाली काँग्रेस र राष्ट्रिय जनता पार्टी नेपालका मा० सदस्यहरु आ-आफ्नो आशन अगाडि उभिनुभएपछि सम्माननीय सभामुखले मा० श्री बालकृष्ण खाँणलाई समय दिनुहुँदा उहाँले संविधानले प्रदान गरेको विचार र अभिव्यक्तिको स्वतन्त्रता विरुद्ध बर्दिया, बुटवल, काठमाडौं, कञ्चनपुर लगायतका स्थानमा स्वत:स्फुर्त रुपमा नागरिकले सरकारका क्रियाकलापका सम्बन्धमा विरोध स्वरुप कालो झण्डा देखाएकोमा सरकारले दमन गरी पक्राउ समेत गरेको, इटहरीका जनप्रतिनिधिबाट नारीको सम्मानमा ठेस लाग्ने किसिमले दिइएको अभिव्यक्तिको निन्दा समेत गर्दछु भन्नुभयो ।

त्यसपछि मा० श्री राजकिशोर यादवले जनताबाट निर्वाचित रेशम चौधरीलाई उपचार गर्न लग्दा अमानविय तरिकाले नेल लगाएर लग्ने कर्मचारीलाई कारवाही गर्नु भनेर सम्माननीय प्रधानमन्त्रीबाट भएको निर्देशन बमोजिम कसलाई कारवाही भएको छ सो को जानकारी सदनलाई हुनुपर्ने, संविधानको भावना र मर्म विपरित समानुपातिक समावेशीताको विरुद्ध भएको लोक सेवा आयोगको विज्ञापन सरकारले हालसम्म खारेज नगरेको, सभामुखको रुलिङ्ग र सरकारको प्रतिवद्धता भएपनि सरकारले हालसम्म लाल आयोगको प्रतिवेदन सार्वजनिक नगरेकोतर्फ सरकारको पुन: ध्यानाकर्षण गराउँछु भन्नुभयो ।

तदुपरान्त प्रारम्भ भएको शून्य समयमा निम्नलिखित मा० सदस्यहरुले समसामयिक विषयहरुमा आ-आफ्नो धारणा राख्नुभयो :-

१. मा० श्री लक्ष्मी परियार
२. मा० श्री वसन्त कुमार नेम्वाङ्ग
३. मा० श्री विन्दा पाण्डे
४. मा० श्री विशाल भट्टराई
५. मा० श्री बोधमाया कुमारी यादव
६. मा० श्री शान्ता चौधरी
७. मा० श्री सत्यनारायण शर्मा खनाल
८. मा० श्री सत्य पहाडी
९. मा० श्री समिना हुसेन
१०. मा० श्री सरिता कुमारी गिरी
११. मा० श्री सितादेवी यादव
१२. मा० श्री सूर्यप्रसाद पाठक
१३. मा० श्री हिरा गुरुङ्ग
१४. मा० श्री ज्ञानकुमारी छन्त्याल
१५. मा० श्री ज्ञानेन्द्रबहादुर कार्की

त्यसपछि विकास तथा प्रविधि समितिका मा० सभापति श्री कल्याणी कुमारी खड्काले "विकास तथा प्रविधि समितिको वार्षिक प्रतिवेदन, २०७६" पेश गर्नुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले आर्थिक विधेयक, २०७६ माथि मा० श्री प्रेम सुवालको एकल रुपमा र मा० श्री मिनेन्द्रप्रसाद रिजाल सहित ४ जनाबाट संयुक्त रुपमा संशोधनका सूचनाहरु प्राप्त हुन आएको व्यहोरा जानकारी गराउँदै उक्त विधेयकमाथि छलफल गर्दा प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १४९ को उप-नियम (४) बमोजिम नेपाल सरकारको जवाफदेही क्षेत्र भित्रको प्रशासनिक कार्य, स्थानीय समस्या वा नेपाल सरकारको मौद्रिक एवं आर्थिक नीतिसँग सम्बन्धित विषयहरुमाथि मात्र छलफल गर्न सकिने व्यहोरा मा० सदस्यहरुलाई जानकारी गराउनु भयो ।

तत्पश्चात संशोधनकर्ता मा० श्री प्रेम सुवाल र संयुक्त संशोधनका मूल संशोधनकर्ता मा० श्री मिनेन्द्र प्रसाद रिजालले आ-आफ्नो संशोधनहरु प्रस्तुत गर्दै छलफलमा भाग लिनुभयो ।

त्यसपछि उक्त छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :

१. मा० श्री दिव्यमणि राजभण्डारी
२. मा० श्री प्रदिप गिरी
३. मा० श्री डिला सँग्रौला (पंत)

त्यसपछि मा० अर्थ मन्त्री डा० युवराज खतिवडाले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तदुपरान्त संशोधनकर्ता मा० श्री प्रेम सुवाल र संयुक्त संशोधनका मूल संशोधनकर्ता मा० श्री मिनेन्द्र प्रसाद रिजालले आ-आफ्नो संशोधन प्रस्तावहरु फिर्ता लिन नचाहनु भएकोले सम्माननीय सभामुखले उक्त संशोधन प्रस्तावहरुलाई क्रमश: निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट अस्वीकृत भयो ।

तत्पश्चात सम्माननीय सभामुखले "आर्थिक विधेयक, २०७६" को दफा २ देखि २९ सम्मका दफाहरु र सम्बन्धित अनुसूची १ देखि ४ सम्म विधेयकको अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

त्यसपछि सम्माननीय सभामुखले विधेयकको प्रस्तावना र नाम पढेर सुनाउनु हुँदै "आर्थिक विधेयक, २०७६" को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

तदुपरान्त मा० अर्थ मन्त्री डा० युवराज खतिवडाले "आर्थिक विधेयक, २०७६ लाई पारित गरियोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

तत्पश्चात मा० अर्थ मन्त्री डा० युवराज खतिवडाले "राष्ट्र ऋण उठाउने विधेयक, २०७६ माथिको दफावार छलफल सदनमा गरियोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

त्यसपछि सम्माननीय सभामुखले उक्त विधेयकमाथि मा० श्री प्रेम सुवालको एकल रुपमा र मा० श्री मिनेन्द्रप्रसाद रिजाल सहित ४ जनाबाट संयुक्त रुपमा संशोधन प्राप्त हुन आएको व्यहोरा जानकारी गराउनु भयो ।

तदुपरान्त संशोधनकर्ता मा० श्री प्रेम सुवाल र संयुक्त संशोधनका मूल संशोधनकर्ता मा० श्री मिनेन्द्र प्रसाद रिजालले आ-आफ्नो संशोधन प्रस्तुत गर्दै छलफलमा भाग लिनुभयो ।

तत्पश्चात उक्त छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री डिला सँग्रौला (पंत)
२. मा० श्री दिव्यमणि राजभण्डारी
३. मा० श्री प्रदिप गिरी

त्यसपछि मा० अर्थ मन्त्री डा० युवराज खतिवडाले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तदुपरान्त संशोधनकर्ता मा० श्री प्रेम सुवाल र संयुक्त संशोधनका मूल संशोधनकर्ता मा० श्री मिनेन्द्र प्रसाद रिजालले आ-आफ्नो संशोधन प्रस्तावहरु फिर्ता लिन नचाहनु भएकोले सम्माननीय सभामुखले उक्त संशोधन प्रस्तावहरुलाई क्रमशः निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट अस्वीकृत भयो ।

तत्पश्चात सम्माननीय सभामुखले विधेयकको दफा २ "राष्ट्र ऋण उठाउने विधेयक, २०७६" को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

त्यसपछि सम्माननीय सभामुखले विधेयकको प्रस्तावना र नाम पढेर सुनाउनु हुँदै "राष्ट्र ऋण उठाउने विधेयक, २०७६" को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

तदुपरान्त मा० अर्थ मन्त्री डा० युवराज खतिवडाले "राष्ट्र ऋण उठाउने विधेयक, २०७६ लाई पारित गरियोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

तत्पश्चात मा० अर्थ मन्त्री डा० युवराज खतिवडाले "ऋण तथा जमानत (तेइसौं संशोधन) विधेयक, २०७६ माथिको दफावार छलफल सदनमा गरियोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

त्यसपछि सम्माननीय सभामुखले उक्त विधेयकमाथि मा० श्री प्रेम सुवालको एकल रुपमा र मा० श्री मिनेन्द्रप्रसाद रिजाल सहित ४ जनाबाट संयुक्त रुपमा संशोधन प्राप्त हुन आएको व्यहोरा जानकारी गराउनु भयो ।

तदुपरान्त संशोधनकर्ता मा० श्री प्रेम सुवाल र संयुक्त संशोधनका मूल संशोधनकर्ता मा० श्री मिनेन्द्र प्रसाद रिजालले आ-आफ्नो संशोधन प्रस्तुत गर्दै छलफलमा भाग लिनुभयो ।

तत्पश्चात उक्त छलफलमा मा० डिला सँग्रौला (पंत) र मा० श्री दिव्यमणि राजभण्डारीले भाग लिनुभयो ।

त्यसपछि मा० अर्थ मन्त्री डा० युवराज खतिवडाले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तदुपरान्त संशोधनकर्ता मा० श्री प्रेम सुवाल र संयुक्त संशोधनका मूल संशोधनकर्ता मा० श्री मिनेन्द्र प्रसाद रिजालले आ-आफ्नो संशोधन प्रस्तावहरु फिर्ता लिन नचाहनु भएकोले सम्माननीय सभामुखले उक्त संशोधन प्रस्तावहरुलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट अस्वीकृत भयो ।

तत्पश्चात सम्माननीय सभामुखले विधेयकको दफा २ "ऋण तथा जमानत (तेइसौं संशोधन) विधेयक, २०७६" को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

त्यसपछि सम्माननीय सभामुखले विधेयकको प्रस्तावना र नाम पढेर सुनाउनु हुँदै "ऋण तथा जमानत (तेइसौं संशोधन) विधेयक, २०७६" को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

तदुपरान्त मा० अर्थ मन्त्री डा० युवराज खतिवडाले "ऋण तथा जमानत (तेइसौं संशोधन) विधेयक, २०७६ लाई पारित गरियोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

तदनन्तर बैठक २०७६ साल असार २२ गते आइतबार दिनको १:०० बजे बस्नेगरी दिनको ६:५५ बजे स्थगित भयो ।

मनोहरप्रसाद भट्टराई
संघीय संसदको महासचिव